# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

पत्र संख्या :-२०७८।०७९
चलानी नं. :-३३४

गण्डकी प्रदेश, नेपाल ।
मिति – २०७८।०८।१९

श्री सबै वडा कार्यालयहरू,
धार्चे गाउँपालिका, गोरखा ।

**विषय :- राहत वितरण सम्बन्धमा ।**

घरेलु तथा साना उद्योग कार्यालय, गोरखाको च.नं. ८१६, २०७८।०८।१६ गतेको प्राप्त पत्रमार्फत् जानकारी प्राप्त भएबमोजिम पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेश, पोखराको माननीय मन्त्रीस्तरीय निर्णय अनुसार स्वीकृत **वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड,२०७८** बमोजिम पर्यटन व्यवसायसंग आबद्ध श्रमिक/मजदुरहरूलाई राहत वितरण गर्ने कार्यक्रम अन्तर्गत कोभिड-१९ बाट प्रभावित पर्यटन व्यवसायसंग आबद्ध श्रमिक व्यक्तिहरूलाई प्रतिव्यक्ति रू. १०,००० राहत वितरण गरिने जानकारी प्राप्त भएकोले पर्यटन कार्यालयबाट स्तर निर्धारण/दर्ता/अनुमति प्राप्त गरेका वा घरेलु तथा साना उद्योग कार्यालय, गोरखामा दर्ता भै नियमानुसार नवीकरण भएका पर्यटन व्यवसायसंग सम्बन्धित निकाय, होटल व्यवसायसंग आबद्ध श्रमिक/मजदुरहरूलाई निम्न बमोजिमको आधारमा सिफारिस गरी ३ दिनभित्र गाउँपालिका कार्यालयमा पठाउनुहुन अनुरोध छ।

**छनौटका आधारहरू**

१. निवेदन दिने श्रमिक/मजदुरले सम्बन्धित पर्यटन व्यवसायसंग आबद्ध रहेको प्रमाण संलग्न गर्नुपर्ने ।
२. पर्यटन कार्यालयबाट स्तर निर्धारण/दर्ता/अनुमति प्राप्त गरेका वा घरेलु तथा साना उद्योग कार्यालय, गोरखामा दर्ता भै नियमानुसार नवीकरण गरेका पर्यटन व्यवसायसंग सम्बन्धित श्रमिक/मजदुरहरू हुनुपर्ने ।
३. विगत दुई वर्षयता कुनै पनि सरकारी निकायबाट यस्तै प्रकृतिको कुनै राहत नलिएको स्व:घोषणापत्र संलग्न गर्नुपर्ने ।

..............................
पिताम्बर पोखेल
नि. प्रमुख प्रशासकीय अधिकृत

पिताम्बर पोखेल
नि. प्रमुख प्रशासकीय अधिकृत

बेबसाइट :-www.dharchemun.gov.np इ-मेल :- rmdharche@gmail.com
सम्पर्क मोबाइल नं.:- ९८५१०१९३५३ (अध्यक्ष), ९८५६०४१४५१(प्रमुख प्रशासकीय अधिकृत)
सुन्दर, सुरक्षित, समृद्ध धार्चे